संघीय संसद
राष्ट्रिय सभा
सत्रौं अधिवेशन
बैठक-५
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:१५ बजे*
*बैठक स्थगित :३:०३ बजे*

२०८१ माघ २८ गते, सोमवार

संघीय संसद, राष्ट्रिय सभाको सत्रौं अधिवेशनको पाँचौं बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहाल अध्यक्षतामा अपराह्न १:१५ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**माननीय सदस्य गंगा कुमारी बेलबासे**ले माइतीघर मण्डलमा धर्नामा रहेका स्वर्गद्वारी गुठी पीडितहरूको जायज माग सम्बोधन गर्नुपर्ने बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य गोपी बहादुर सार्की आछामी**ले सर्लाहीको बरहथवा नगरपालिकाका सत्येन्द्रकुमार राम चमार र नेहा रौनियारबिच भएको अन्तरजातीय विवाहका कारण दम्पतीमाथि हस्तक्षेप भएको बताउँदै सत्यतथ्य छानबिन गरी दोषीलाई कारबाहीको माग गर्नुभयो।

**माननीय सदस्य तारामान स्वाँर**ले धनगढीको एक विद्यालयमा आधारभूत तहमा अध्ययनरत बाजुराकी १४ वर्षीय किशोरीमाथि बलात्कार भएको बताउँदै उक्त घटनाका दोषीलाई कारबाहीको माग गर्नुभयो।

**माननीय सदस्य तुलसा कुमारी दाहाल**ले १९ बुँदे माग राखी एल.पी. ग्यास उद्योगीहरू आन्दोलित रहेको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य डा. बेदुराम भुसाल**ले सर्लाहीको बरहथवा नगरपालिकाका सत्येन्द्रकुमार राम चमार र नेहा रौनियारको बिच भएको अन्तरजातीय विवाहका कारण दम्पतीमाथि दमन भएको बताउँदै दोषीलाई कारबाहीको माग गर्नुभयो।

**माननीय सदस्य माया प्रसाद शर्मा**ले युवा तथा खेलकुद मन्त्रीको कार्यसम्पादन अनुसूची-४ (१) बमोजिम फाराम मूल्याङ्कनमा श्री ५ को सरकार आएको विषयप्रति आपत्ति जनाउँदै खानेपानी मन्त्रालयमा भएको आगलागी घटनाको छानबिनका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य मृगेन्द्र कुमार सिंह यादव**ले मिटरब्याजी पीडितसम्बन्धी कानुन बने तापनि प्रभावकारी कार्यान्वयन नभएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य शारदा देवी भट्ट**ले इजरालयमा हमासको आक्रमणमा परी अज्ञात रहेका बिपिन जोशीको रिहाईमा ढिलाई भएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य सुमित्रा बि.सी.**ले ४० यात्रु लिएर सुर्खेतबाट कुम्भमेला जाँदै गरेको बस बबईमा दुर्घटना हुँदा धेरै तीर्थयात्रीहरू घाइते भएको बताउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले शून्य समयमा माननीय सदस्यले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विशेष समयमा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**माननीय सदस्य किरण बाबु श्रेष्ठ**ले सरकारले छिटोछरितो काम गर्नको निम्ति आवश्यक कानुनहरू अध्यादेशमार्फत ल्याउन पाउने अधिकार रहेको बताउँदै सामाजिक सञ्जालको प्रभावकारी रूपमा नियमन गर्न जरुरी रहेको बताउनुभयो।

**माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकार**ले प्रत्येक नागरिकलाई माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने भनिए तापनि सरकार गम्भीर नभएको बताउँदै शिक्षा क्षेत्रमा देखिएका समस्याहरू समाधानका निम्ति सरकारको ध्यानाकर्षण गराउनुभयो। प्रत्येक नागरिकले आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्नुपर्ने बताउँदै देशका अस्पतालहरूको प्रभावकारी व्यवस्थापन गर्नुपर्ने बताउनुभयो। देशमा युवा स्वरोजगारको योजनाहरू ल्याउनुपर्ने बताउँदै सरकारको ध्यान नगएको बताउनुभयो।

**माननीय सदस्य गोमा देवी तिमल्सिना**ले हेटौंडा सिमेन्ट उद्योगका कर्मचारीहरूले ६ महिनादेखि तलब नपाएको बताउँदै हेटौंडा सिमेन्ट उद्योगमा रहेको समस्या समाधानका निम्ति सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य नर बहादुर बिष्ट**ले सुर्खेतदेखि महाकुम्भमेला तीर्थयात्राका लागि गएको बस दुर्घटना हुँदा ३९ जना यात्रुहरू घाइते भएको बताउनुभयो। कर्णाली प्रदेशको राजधानी सुर्खेतमा खानेपानीको समस्याका कारण स्थानीयबासीहरूले सास्ती खेप्नुपरेको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो। सुर्खेतमा १० औं राष्ट्रिय खेलकुद समयमै सम्पन्न गर्नका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो। भूकम्पका कारण जाजरकोट, रुकुम पश्चिम क्षेत्रमा धेरै भौतिक संरचनाहरू क्षति भए तापनि पुनर्निर्माणको कार्यहरू नभएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य विष्णु देवी पुडासैनी**ले उद्योगधन्दाको प्रभावकारी व्यवस्थापन गरी सञ्चालन गरे युवा जनशक्तिहरूले रोजगार पाउनुका साथै युवा जनशक्तिहरू विदेश पलायन नहुने बताउनुभयो। देशमा खाद्यान्न उत्पादनमा ह्रास आएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो। देशमा महिला हिंसाका घटनाहरू बढ्दो क्रममा रहेको बताउनुभयो।

**माननीय सदस्य घनश्याम रिजाल**ले देशमा अझै पनि जातीय भेदभाव तथा छुवाछुतका घटनाहरू कायमै रहेको बताउँदै सर्लाहीको बरहथवा नगरपालिकाका सत्येन्द्रकुमार राम चमार र नेहा रौनियारको बिच भएको अन्तरजातीय विवाह गर्ने दम्पतीमाथि दमन भएको बताउनुभयो।

**माननीय सदस्य सुरेश कुमार आलेमगर**ले सर्लाहीको बरहथवा नगरपालिकाका सत्येन्द्रकुमार राम चमार र नेहा रौनियारबिच भएको अन्तरजातीय विवाहका कारण दम्पतीमाथि हस्तक्षेप भएको बताउँदै सत्यतथ्य छानबिन गरी दोषीलाई कारबाहीको माग गर्नुभयो। ताप्लेजुङको पाथीभरा मुक्कुम्लुङ क्षेत्रमा उत्पन्न विवाद शान्तिपूर्ण तरिकाले समाधानका निम्ति सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य सोनाम गेल्जेन शेर्पा**ले ताप्लेजुङको पाथीभरा मुक्कुम्लुङ क्षेत्रमा निर्माण गर्न लागिएको केबलकारका विषयमा उत्पन्न विवाद समाधानका निम्ति सरकारको ध्यानाकर्षण गराउनुभयो। देशमा जलवायु परिवर्तनले निम्त्याएको क्षति विगतभन्दा धेरै भयानक हुने बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले विशेष समयमा माननीय सदस्यले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र अर्याललाई राष्ट्रिय सभाबाट पारित भई सन्देश सहित प्रतिनिधि सभामा पठाइएको **"विधायन सम्बन्धी विधेयक, २०८०"** का सम्बन्धमा प्रतिनिधि सभाबाट प्राप्त सन्देश सभासमक्ष टेबुल गर्न समय उपलब्ध गराउनुहुँदा उक्त सन्देशलाई टेबुल गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङलाई "विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित **मिडिया काउन्सिल विधेयक, २०८० माथि छलफल गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्ने समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव प्रस्तुत गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित **"मिडिया काउन्सिल विधेयक, २०८०"** माथि छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरु तथा आनुषङ्गिक दफाहरूमाथि छलफल गर्न सकिने व्यहोरा जानकारी गराउनुहुँदा छलफलमा माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरेले भाग लिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित **"मिडिया काउन्सिल विधेयक, २०८० माथि छलफल गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा

गुरुङलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले सभामा जवाफ दिनुभयो।

त्यसपछि, माननीय अध्यक्षले **“मिडिया काउन्सिल विधेयक**, **२०८०”** का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २१ सम्म उल्लिखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले विधेयकको दफा २ देखि ३७ सम्म **“मिडिया काउन्सिल विधेयक**, **२०८० को अङ्ग बनोस्”** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले विधेयकको देहायबमोजिमको प्रस्तावना र नाम पढेर सुनाउनुभयोः

**“प्रस्तावनाः** पत्रकारिता क्षेत्रमा पेशागत तथा व्यावसायिक आचरण कायम राख्न तथा स्वनियमनलाई प्रवर्द्धन गरी स्वच्छ, स्वतन्त्र र जवाफदेही पत्रकारिताको विकास तथा संरक्षणका लागि स्वायत्त नियामक निकायको रुपमा आमसञ्चार परिषद्को स्थापना र सञ्चालन सम्बन्धमा व्यवस्था गर्न प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

**संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “आमसञ्चार परिषद् ऐन, २०८१” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

त्यसपछि, सम्माननीय अध्यक्षले **“विधेयकको प्रस्तावना र नाम मिडिया काउन्सिल विधेयक, २०८० को अङ्ग बनोस्”** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङलाई “**मिडिया काउन्सिल विधेयक, २०८० लाई पारित गरियोस्**” भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८१ साल फागुन ४ गते आइतबार अपराह्न १ बजेर १५ मिनेटमा** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(पद्मप्रसाद पाण्डेय)

महासचिव